
'ओपन माईक नेपाल' बुलेटिनको दशौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरू तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।

## हल्ला



### अश्राङ, गोरखा

"भूकम्प पिडितहरूलाई दशैँमा खसी किनिदिन्छन् भन्ने हल्ला छ।"

### मेलुंग, दोलखा

"सरकारले भूकम्प पिडितका लागि दशैँमा प्रति परिवार १० किलो खसीको मासु, चामल र चिउरा दिन्छ रे भन्छन्। खै के हो, बुझ्न सकिएन।"

### चौतारा, सिन्धुपाल्चोक

"दशै अघि सरकारले ३५ हजार रुपैयाँ दिन्छ रे।"

## यथार्थ

भूकम्प पिडितलाई दशैँमा खसी, खसीको मासु वा नगद वितरण गर्ने योजना सरकारले बनाएको छैन।

भूकम्प प्रभावित १४ जिल्लाका खाद्य सुरक्षाका दृष्टिककोणले संवेदनशिल गाउँहरूमा सरकारले विभिन्न दातृ निकायसँग समन्वय गरेर आवश्यक खाद्यान्न उपलब्ध गराउँदैछ।

गोरखाका उत्तरी भेगका २० वटा बिकट गाबिसहरूमा विश्व खाद्य कार्यक्रमसँगको समन्वयमा सरकारले कामका लागि खाद्यान्न कार्यक्रम अन्तरगत चामल र दाल वितरण गर्दैछ।


दोलखामा खाद्य सुरक्षाका दृष्टिकोणले बढि जोखिममा रहेका १३ गाबिसमा पनि यस्तै कार्यक्रम सञ्चालन हुँदैछ।

यसरी वितरण गरिने खाद्यान्न प्रत्येक परिवारलाई ४० दिन कुलो निर्माण, भत्किएका सडक सञ्चालन तथा सामुहिक आवास निर्माण जस्ता काम गरे बापत बापत दिइने छ।

तिर्थ श्रेष्ठ
जिल्ला कृषि बिकास अधिकृत
गोरखा
९८५६०३०६४९

प्रेम सिंह
प्रमूख सम्पर्क व्यक्ति
खाद्य सुरक्षा उपसमिति
विश्व खाद्य कार्यक्रम
९८५१०८१६५२

# हल्ला



## ताप्ले, गोरखा

"हामीले भूकम्पको बेलामा मरिमेटेर काम गऱ्यौं। भूकम्पको बेलामा काम गरेबापत महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि पनि सरकारले पैसा छुट्टाएको छ अरे। कति पैसा छुट्टाइएको हो र हामीले कहिले सम्म पाउँछौं होला ?"

# यथार्थ

सरकारले भूकम्प प्रभावित जिल्लामा स्वास्थ्य स्वयंसेविका परिचालन गरी भूकम्प पिडितका लागि विशेष कार्यक्रम कार्यान्वयन नगरेको स्वास्थ्य सेवा विभागले जनाएको छ।

भूकम्प पछि पिडितलाई कुनै पनि किसिमको सहयोग गरेका स्वास्थ्य स्वयंसेविकाहरुका लागि सरकारले नगद उपलब्ध गराउँदैन।

खोप अभियान लगायत नियमित सेवा गरेबापत स्वयंसेविकाहरुले पाउने भत्ताहरु उपलब्ध गराइसकिएकोले उनीहरुले सरकारबाट कुनैपनि रकम पाउन बाँकि नरहेको जिल्ला जनस्वास्थ्य कार्यालय गोरखाले जनाएको छ।


सरकारले संयुक्त राष्ट्रसंघ जनसंख्या कोष लगायतका मानवीय संघ संस्थासँगको समन्वयमा भूकम्प प्रभावित १४ जिल्लामा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई औषधी, स्वास्थ्य र सरसफाईका सामग्री सहितको उत्प्रेरणाको प्याकेज उपलब्ध गराइरहेको छ।

अन्य संघ संस्थाले पनि स्वयंसेविकालाई सहयोग गर्न स्वीकृति लिएका छन्। तर, स्वयंसेविकालाई नगद उपलब्ध गराउने कार्यक्रम ती संस्थासँग पनि छैन।

**हेमराज पाण्डे**
जनस्वास्थ्य अधिकृत
परिवार स्वास्थ्य महाशाखा,
स्वास्थ्य सेवा विभाग
०१४२६२१५५

**सन्तोष क्षेत्री**
ओकालत तथा सञ्चार अधिकृत
संयुक्त राष्ट्रसंघ जनसंख्या कोष
०१-५५३८८०
९८०१५६०२८

# हल्ला



## मिर्गे, दोलखा

"चन्द्रमा खसेर पृथ्वी ध्वस्त हुन्छ, सबै संसार सकिन लागेको छ भन्ने हल्ला छ।"

## काब्रे, दोलखा

हैन अब कालो भुइँचालो आउँछ भन्छन्। कस्तो हुन्छ कालो भुइँचालो ?

# यथार्थ

चन्द्रमा पृथ्वीसँग ठोक्किएर पृथ्वी ध्वस्त हुँदैछ भन्ने कुराको कुनै बैज्ञानिक आधार छैन।

पृथ्वी र चन्द्रमा दुबैमा गुरुत्वाकर्षण बल हुन्छ। यहि बलको कारणले चन्द्रमाले पृथ्वीको परिक्रमा गरेको हो। त्यसैले, चन्द्रमालाई पृथ्वीको उपग्रह पनि भनिन्छ।

चन्द्रमाको जति वा धेरै घनत्व भएका ग्रहिका आएर यसमा ठोक्किएमा चन्द्रमा पृथ्वीसँग ठक्कर खान  सक्छ तर मंगल र बृहस्पतिको बिचको ग्रहिका क्षेत्रमा चन्द्रमाको जति वा धेरै घनत्व भएका ग्रहिका नभएकोले यस्तो संभावना पनि छैन।

पृथ्वीको सतहमुनि रहेका भूगर्भिक प्लेटहरू हलचल हुँदा उत्पन्न हुने तरङ्ग नै भूकम्प हो। कालो भूकम्प भन्ने कुरा हुँदैन। भूकम्पको कुनै रङ हुँदैन।

भूकम्पका बारेमा बैज्ञानिक अध्ययन हुने भएपनि भूकम्प कहिले आउँछ भनेर कसैले पुर्वानुमान गर्न सक्दैन। ठूलो भूकम्प आउने कुराको पुर्वानुमान गर्न सक्छु भनेर कसैले भन्छ भने त्यसमा विश्वास नगर्नुहोस्।


सुरेश भट्टराई
अध्यक्ष
नेपाल एस्ट्रोनोमिकल सोसाइटी
९८४३७०८२४८

सुवेश घिमिरे
त्रिभुवन विश्व विद्यालय
भूगर्भ शास्त्र केन्द्रीय विभाग
९८४९५९४८९

# सवाल

## कुशादेवी, काभ्रेपलाञ्चोक

"मेरो कान्छो छोरा काठमाडौंमा काम गर्थ्यो तर भूकम्पपछि उसको केहि खबर आएको छैन। खोज्न जाँदा बस्ने गरेको ठाउँमा आएकै छैन भन्छन्। काम गर्ने ठाउँमा जाँदा काम गर्ने ठाउँमा पनि आएकै छैन भन्छन्।"



## लाङटाङ, रसुवा

"भूकम्पमा वेपत्ता भएकालाई सरकारले राहत दिन अप्ठ्यारो मानिरहेको छ।"

# जवाफ

परिवारको हराएको सदस्यको खोजीका लागि नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयमा हराएको व्यक्तिको विवरण सहित निवेदन दिनुपर्छ।

प्रहरीले भूकम्पमा हराएका व्यक्तिको खोजीका लागि बेग्लै वेबसाइट www.missingperson.gov.np को व्यवस्था गरेको छ। यहाँ हराएको व्यक्तिको नाम दर्ता गराउन सकिन्छ।

नेपाल प्रहरीको पैसा नलाग्ने नम्बर १६६००१४१५१६ मा फोन गरेर पनि हराएका सदस्य खोज्न सहयोग लिन सकिन्छ।

वेपत्ता व्यक्तिको खोजीका लागि सम्वन्धित परिवारले नेपाल रेडक्रस सोसाइटीको स्थानीय शाखासँग पनि सम्पर्क गर्न सक्छन्।

यदि भूकम्पमा परेर वेपत्ता व्यक्तिलाई मृतक सरह मान्न सकिन्छ भने वेपत्ता परिवारले मृतकको परिवारले पाउने सरह राहत पाउँछन्। वेपत्ता परिवारको लागि अन्य विशेष राहतको व्यवस्था छैन।

परिवारको सदस्य भूकम्पमा परेर वेपत्ता भएको र जिवित वा मृत फेला पर्न नसकेमा राहतका लागि जिल्ला दैविप्रकोप उद्दार समिति समक्ष निवेदन दिन सकिन्छ।

निवेदन दिनु अघि व्यक्ति भूकम्पमा परेर नै वेपत्ता भएको हो भन्ने यकिन गर्नुपर्छ। भूकम्पको समयको आसपासमा हराएको भनेर मात्र पुग्दैन।


यसरी निवेदन दिएपछि जिल्ला दैविप्रकोप उद्दार समितिले जाँचबुझ गरी वेपत्तालाई मृतक सरह मान्न सकिने वा नसकिने यकिन गर्छ। मृतक सरह मान्न सकिने भएमा वेपत्ताका परिवारले मृतकको परिवारले पाउने सरहको रु. १ लाख ४० हजार पाउँछन्।

यसरी प्रक्रिया पूरा गर्दा पनि राहत नपाएको वा ढिला भएको हो भने जिल्ला दैविप्रकोप उद्दार समितिसँग यसको कारण सोध्न सक्नुहुन्छ। समितिले दिएको जवाफ चित्त नबुझेमा गृह मन्त्रालयमा रहेको केन्द्रीय दैविप्रकोप उद्दार समितिमा उजुरी गर्न सक्नुहुन्छ।

रुद्र प्रसाद खड्का
उपसचिव
गृह मन्त्रालय
९८४१३८४२४१

सुभद्रा देवकोटा
बरिष्ठ अधिकृत
नेपाल रेडक्रस सोसाइटी
९८४१५४४९३५

# सवाल



## डाँडागाउँ, रसुवा

"यहाँ आँखा पाक्ने जस्ता रोगको संक्रमण बढेको छ।"

# जवाफ

रसुवामा आँखा पाक्ने समस्याका केहि बिरामी भेटिएका छन् तर जिल्ला जनस्वास्थ्य कार्यालय रसुवामा आँखा पाक्ने रोग फैलिएको जानकारी छैन।

आँखालाई ढाक्ने सबैभन्दा बाहिरको झिल्ली रातो भएर कचेरा निस्किएमा आँखा पाकेको हुनसक्छ।।

आँखा पाक्ने समस्या प्रायजसो ब्याक्टेरिया र भाइरसका कारणले हुन्छ। सामान्यतया यस्तो समस्या एकदेखि दुइहप्तामा आफैं निको हुन्छ।

आइड्रप्स, मलम लगायतका औषधीले आँखालाई आराम दिने हुनाले त्यसका लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्न सकिन्छ।

एलर्जीको कारणले आँखा रातो भएको हो भने यो रोग अरुमा सर्दैन। ब्याक्टेरिया वा भाइरसको संक्रमणबाट आँखा पाकेको छ भने बिरामीको आँखाबाट निस्कने कचेराको सम्पर्कबाट स्वस्थ मानिसलाई यो रोग सर्नसक्छ।

नियमित सरसफाई गरेमा आँखा पाक्ने रोगबाट बच्न सकिन्छ। आँखा पाकेका व्यक्तिको सम्पर्कमा पुगेमा स्वस्थ व्यक्तिले आफ्नो आँखा छुनुअघि साबुन पानीले राम्ररी हात धुनुपर्छ। आँखा पाकेको बिरामीको रुमाल, टावेल, ओच्छ्यान, श्रृङ्गारका सामग्री आदिको प्रयोग गर्नु हुँदैन।

एकदेखि दुई हप्ता सम्ममा आँखा पाक्ने समस्या निको भएन, धेरै दुखिराख्यो, तपाईंको दृष्टि कमजोर भयो वा प्रकाशमा हेर्न अप्ठ्यारो भयो भने तुरुन्त स्वास्थ्य संस्थामा गएर जचाउँनुपर्छ। आँखा रातो हुनुका अन्य जटिल कारण पनि हुनसक्छन्।

नारायण पौडेल
कार्यक्रम सुपरिवेक्षक
जिल्ला जनस्वास्थ्य कार्यालय, रसुवा
९८४१९०३२४४

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयंसेवकहरु र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। भाद्र १० देखि भाद्र १७ गतेसम्म स्वयंसेवकहरुले ९ जिल्लाका करिब २३५ जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरु छनोट गरिएका छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरु

accountabilitylab    Local Interventions Group data-driven development    Internews